**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज देशका 40 स्थानहरूमा 51 हजार भन्दा बढी उम्मीदवारहरूलाई रोजगार मेलामा नियुक्ति पत्र प्रदान गर्नु हुने छ।

- ISRO-का अध्यक्ष डा. वी. नारायणनले गगनयान मानवरहित परीक्षण उडान मिसन G-1 को ९० प्रतिशत काम पूरा भएको बताउनु भएको छ।
- भारतीय चुनाव आयोगले राज्य तथा केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई मतदाता सूचीको विशेष गहन संशोधनको तयारी गर्न निर्देशन दिएको छ।

- पाकिस्तानले आतंकवाद विरोधी कानून अन्तर्गत तहरीक-ए-लब्बैक पाकिस्तान (TLP) माथि फेरी प्रतिबन्ध लगाएको छ।

- आईसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपमा भारतले न्युजिल्याण्डलाई ५३ रनले पराजित गरR सेमिफाइनलमा प्रवेश गरेको छ।

**प्रधानमंत्री रोज़गार मेला**

प्रधानमंत्री मन्त्री नरेन्द्र मोदीले आज बिहान रोजगार मेला पहल अन्तर्गत भिडियो कन्फरेन्सको माध्यमबाट विभिन्न सरकारी विभाग र संगठनहरूमा भर्खरै भर्ती भएका 51 हज़ार भन्दा बढी युवाहरूलाई नियुक्ति पत्र वितरण गर्नुहुनेछ। कार्यक्रम अवधि प्रधानमन्त्रीले नवनियुक्त कर्मचारीलाई सम्बोधन गर्नु हुनेछ । केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंह र सडक यातायात तथा राजमार्ग राज्य मन्त्री अजय टम्टा पनि 17 औं रोजगार मेलामा सहभागी हुनु हुनेछ। रोजगार मेला कार्यक्रम जीविकोपार्जन सिर्जनालाई सर्वोच्च प्राथमिकता दिने प्रधानमन्त्रीको प्रतिबद्धतालाई पूरा गर्ने दिशामा एक कदम हो। यसले युवाहरूलाई सशक्त बनाउन र राष्ट्र निर्माणमा उनीहरूको सहभागिताको सार्थक अवसर प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

**राष्ट्रपति कोट्टायम**

राष्ट्रपति द्रौपदी मुर्मु एर्नाकुलमस्थित सेन्ट टेरेसा कलेजको जयन्ती समारोहमा भाग लिन आज कोट्टायमबाट कोच्चि जाँदै हुनुहुन्छ।केरलाको साहित्यिक शहर कोट्टायमबाट हिजो कुमाराकोम भ्रमण गर्दा राष्ट्रपतिलाई ठूलो भीडले स्वागत गरेको थियो। पालास्थित सेन्ट थोमस कलेजको प्लेटिनम जयन्ती समारोहको उद्घाटन गर्दै राष्ट्रपतिले शिक्षाको क्षेत्रमा कोट्टायमको उत्कृष्ट योगदानको प्रशंसा गर्नुभयो।

**ESTIC सम्मेलन**

उदयमान विज्ञान, प्रविधि र नवप्रवर्तन सम्मेलन (ESTIC २०२५) नोभेम्बर ३ देखि ५ तारिख सम्म नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुनेछ। मन्त्रालयका सचिव एस. कृष्णनले समावेशी र रूपान्तरणकारी विकासलाई अगाडि बढाउन भारतले कृत्रिम बुद्धिमत्ता (AI) लाई सामाजिक कल्याणको शक्तिको रूपमा प्रयोग गर्नुपर्ने बताउनु भयो। श्री कृष्णनले सम्मेलनको सन्दर्भमा नयाँ दिल्लीमा इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले आयोजना गरेको पूर्वावलोकन कार्यक्रमलाई सम्बोधन गर्दै यी कुराहरू भन्नु भयो। उहाँले थप भन्नु भयो कि AI-संचालित प्रविधि भारतलाई विकसित राष्ट्र बनाउने संक्रमणको आधार हुनुपर्छ। यो लक्ष्यलाई

हासिल गर्न, देशलाई समावेशी संयन्त्रहरू आवश्यक छन् जसले मानिसहरूले अर्थपूर्ण तरिकाले AI बाट पहुँच र लाभ उठाउन सक्छन् भन्ने कुरा सुनिश्चित गर्दछ।

**राजनाथ- रक्षा खरीद नियमावली**

रक्षा मंत्री राजनाथ सिंहले हिज नया दिल्लीमा रक्षा खरीद नियमावली-डीपीएम 2025 जारी गर्नु भयो। नया डीपीएम आगामी महिनाको पहिलो तारीख देखि प्रभावी हुनेछ। यस अन्तर्गत, रक्षा मन्त्रालयको अधिनमा रहेको तीन सेवा र अन्य प्रतिष्ठानहरूले लगभग एक लाख करोड रुपैयाँको राजस्व प्राप्त गर्न सक्षम हुनेछन्। श्री सिंहले नियमावलीमा संशोधनको निम्ति आफ्नु मंत्रालय अनि एकीकृत रक्षा स्टाफ मुख्यालयको प्रयासहरुको सराहना गर्नु हुदै विश्वास व्यक्त गर्नुभयो कि नयाँ नियमावलीले प्रक्रियाहरुलाई सरल बनाउने छ अनि   कार्यप्रणालीमा एकरूपता ल्याउने छ।

**जीएसटी सुधार - कृषि**

वस्तु अनि सेवा कर बचत उत्सवको लाभ समाजको सबै वर्ग सम्म पुगिरहेको छ। प्रधानमंत्री नरेन्द्र मोदीले 22 सितंबरमा यसको घोषणा गर्नु भएको थियो। जीएसटी सुधारले कृषि क्षेत्र अनि  किसानहरुलाई भइ रहेको लाभहरु माथि हाम्रो संवाददाताको एक रिपोर्ट ..

**निर्वाचन आयोग - पत्रकार सम्मेलन**

भारतीय चुनाव आयोगले राज्य तथा केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई मतदाता सूचीको विशेष गहन संशोधनको तयारी गर्न निर्देशन दिएको छ। मुख्य निर्वाचन अधिकारीहरूको दुई दिने सम्मेलन हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको अध्यक्षतामा भएको यस सम्मेलनमा निर्वाचन आयुक्त सुखबीर सिंह सन्धु र डा. विवेक जोशी पनि उपस्थित थिए। मुख्य निर्वाचन अधिकारीहरूले एसआईआरबारे उठाइएका विभिन्न प्रश्नहरूको स्पष्टीकरण पनि सम्मेलनमा दिए। देशभरीका राज्य तथा केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूले सम्मेलनमा भाग लिएका थिए।

निर्वाचन आयोगले निर्वाचन हुने राज्यहरू आसाम, तमिलनाडु, केरला र पश्चिम बंगाल र केन्द्र शासित प्रदेश पुडुचेरीका मुख्य निर्वाचन अधिकारीहरूसँग अलग्गै प्रत्यक्ष पनि छलफल गर्यो। निर्वाचन आयोगले पछिल्लो विशेष गहन संशोधन अनुसार अवस्थित मतदाताहरू थप्ने सम्बन्धमा मुख्य निर्वाचन अधिकारीहरूलाई पहिले जारी गरिएका निर्देशनहरूको पालनामा भएको प्रगतिको पनि समीक्षा गरेको थियो।

**पाकिस्तान-TLP प्रतिबन्ध**

पाकिस्तानले आतंकवाद विरोधी कानून अन्तर्गत तहरीक-ए-लब्बैक पाकिस्तान (TLP) माथि फेरी प्रतिबन्ध लगाएको छ। संगठनलाई प्रतिबन्धित गर्ने यो कदम यसै महिनाको सुरुमा भएको हिंसात्मक विरोध प्रदर्शनहरू पछि उठाइएको हो जसमा धेरै व्यक्तिको मृत्यु भएको थियो भने दर्जनौं घाइते भएका थिए। मिडिया रिपोर्टहरूका अनुसार, हिजो मन्त्रिपरिषद्को बैठक पछि प्रतिबन्ध लगाउने निर्णयको घोषणा गरिएको हो।

प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ - पञ्जाब सरकारले आतंकवाद विरोधी कानून अन्तर्गत कारबाही गर्न सिफारिस गरेपछि प्रतिबन्ध लगाउने निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरिएको हो।

यस समूहलाई पहिले २०२१ मा प्रतिबन्ध लगाइएको थियो, तर हिंसा त्याग्ने वाचा गरेपछि प्रतिबन्धलाई हटाइएको थियो।

**वैष्णव-रेलवे**

केंद्रीय रेल मंत्री अश्विनी वैष्णवले यात्रिहरुको सुविधा सुनिश्चित गर्न नयाँ दिल्लीमा रेल भवन स्थित वॉर रूमबाट त्योहारको समयमा चलने विशेष रेल्हारुको स्थितिको समीक्षा गर्नु भयो। उहाले हिज अधिकारिहरु सित बातचीत गर्नु भयो अनि छठ पूजा अघि रेलवेको तैयारिहरुको जानकारी लिनु भयो। रेलवे स्टेशनहरुमा त्योहार अवधि हुने भीड़को निगरानी अनि प्रबंधनको लागि रेल भवनमा वॉर रूमको  स्थापना गरिएको छ।

श्री वैष्णवले भन्नु भयो देश भरिमा तीन स्तरीय वॉर रूम शामिल छ, एक डिवीजन स्तरमा, एक जोनल स्तरमा अनि एक रेलवे बोर्ड स्तरमा। उहाले भन्नु भयो रेलवे बोर्डमा, डिवीजन अनि जोनल दुवैले ठुलो परिचालनको समन्वय गर्नेछ । यसको अतिरिक्त, प्रत्येक प्रमुख स्टेशनमा एक सानो नियंत्रण कक्ष स्थापित गरिने पनि मन्त्रीले बताउनु भयो। यस प्रणालीले सबै स्टेशनमा समन्वित प्रबंधनलाई सक्षम बनाउने पनि उहाले बताउनु भयो ।

नियमित ट्रेन सेवाहरु बाहेक अघिलो तीन दिनमा 1500 अतिरिक्त विशेष ट्रेन चलाइने छ । औसतन प्रत्येक दिन तीन सय विशेष रेलगाडियां चलाईने छ । यस महीनको पहिलो तारीख देखि अघिलो महिनाको 30 तारीख सम्म, 61 दिनको अवधिमा, देश भरिमा 12 हजार भन्दा अधिक विशेष ट्रेन चलाईने छ ।

**महिला विश्वकप क्रिकेट**

आईसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपमा, हिजो राति नवी मुम्बईको डीवाई पाटिल स्टेडियममा खेलिएको म्याचमा भारतले न्युजिल्याण्डलाई ५३ रनले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।

४४ ओभरमा ३२५ रनको संशोधित डीएलएस लक्ष्य पछयाउँदै, न्युजिल्याण्डले आफ्नो निर्धारित 50 ओभरमा ८ विकेट गुमाएर २७१ रन मात्र बनाउन सक्यो। ब्रुक होलिडेले ८१ रन बनाइन।

यो जितसँगै, भारतले अब छ अंक बनाएको छ र अष्ट्रेलिया, इङ्गल्याण्ड र दक्षिण अफ्रिकासँगै सेमिफाइनलमा प्रवेश गरेको छ।

****** ० ******